जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ | अंक १५३ | ०२ चैत्र २०८०, शुक्रबार | 15 Mar. 2024 | पृष्ठ ४ | मुल्य रु.५

## एभरेष्ट चिनी मिलको क्रसिङ सम्पन्न




***रवीन्द्र उप्रेती***
***चैत्र १ गते ।***

रामनगरस्थित एभरेष्ट चिनी मिलले यस वर्षको उखु क्रसिङ सम्पन्न गरेको छ। एभरेष्टले आज बिहान साढे ४ बजेदेखि चालु सिजन (०८०/८१) को क्रसिङ सम्पन्न गरेको औपचारीी जानकारी गराएको हो । यो पटक मिल ८९ दिन चले पनि पटकपटक गरी ७ दिन 'नो केन' हुँदा खुद क्रसिङ भने ८२ दिन मात्र भएको छ । उखुको मूल्यलाई लिएर किसानहरु आन्दोलनमा उत्रेका कारण निर्धारित समयभन्दा ११ दिनपछि अर्थात् पुस ४ गतेदेखि मिल चलेको थियो । यस अवधिमा २९ लाख ४ हजार क्विन्टल उखु क्रसिङ गरिएको छ । यो परिमाण लक्ष्यको करिब ६ लाख क्विन्टल घटी हो ।

यसपालि चिनीको 'रिकभरी' सरदर ९ प्रतिशत रहे पनि कति चिनी उत्पादन भयो ५ दिनपछि मात्र यकिन हुने एभरेष्टले जनाएको छ। महाप्रबन्धक सुरेन्द्र शुक्लाका अनुसार गत वर्ष (०७९/८०) २६ लाख ३० हजार ७४७ क्विन्टल उखु क्रसिङ गरी २ लाख ४२ हजार ३ क्विन्टल चिनी उत्पादन गरेको एभरेष्टले यो वर्ष ३५ लाख क्विन्टल क्रसिङको लक्ष्य लिइएको थियो । यस वर्ष उखुको उत्पादन र खेतीको क्षेत्रफल बढेकाले गत वर्षको तुलनामा ९ लाख क्विन्टल बढी उखु क्रसिङको लक्ष्य लिएको महाप्रबन्धक शुक्लाले जनाउनु भयो ।

तथापि क्रसिङ सिजनको निकट पारेर किसानहरु आन्दोलनमा उत्रेपछि एभरेष्ट लगायतका ठुला मिलहरु निर्धारित समयमा सञ्चालन हुन सकेनन् । यसैलाई अवसर बनाएर सर्लाही र बारा जिल्लाका साना चिनी मिलहरुले आन्दोलन अवधिमा पनि क्रसिङ जारी राखे । आन्दोलनका कारण ठुला मिल सञ्चालनमा अन्योल देखिएपछि हतारमा रहेका कतिपय किसानले साना मिलमा उखु खपत गरेकाले ठुला मिलका लागि उखु आपूर्तिमा स्वाभाविक कमी आएको थियो । क्रसिङको उत्तरार्धमा आइपुग्दा प्रतिकूल मौसमले उखु आपूर्तिमा थप समस्या पर्‍यो। पटकपटक 'नो केन' को स्थिति आयो। यी कारणले गर्दा एभरेष्टले लक्ष्यबमोजिम क्रसिङ गर्न नसकेको शुक्लाले जनाउनुभयो। यो वर्षदेखि एभरेष्टले ५ दिनभित्रै उखुको भुक्तानी दिन थालेकोले मिलप्रति किसानको भरोसा बढे पनि समुचित मूल्य नपाउँदा उखु किसान भने निराश देखिएका छन् ।

यो नैराश्यको असर आगामी वर्षको उखुखेतीमा पर्ने हुदा उखु अभाव तत्कालै समाधान हुने सङ्केत देखा नपरेको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवहाले जनाउनुभयो।

सरकारले गत वर्ष उखुको ५४० रुपियाँ रेटमा २५ रुपियाँमात्र थप गरि प्रति क्विन्टल ५६५ रुपियाँ कायम गरेको छ । यो वृद्धिसँगै सरकाले दिने ७० रुपियाँ अनुदानसमेत जोड्दा उखुको मूल्य प्रति क्विन्टल ६३५ रुपियाँ कायम भएको छ । उखु किसानले भने बढ्दो महँगीका कारण उखुको मूल्य प्रति क्विन्टल ७५० रुपियाँ माग गर्दै आएका छन् । "यो माग सम्बोधन नभएसम्म मूल्यका लागि किसान रुने र उखुका लागि चिनी मिल रुने अवस्थामा सुधार आउन सक्दैन," कुशवाहाले भन्नुभयो।

## मन्दिर र मुर्तिमा तोडफोड गर्ने पक्राउ

***गौशाला खबर संवाददाता***
***सर्लाही , चैत्र १ गते***

सर्लाहीमा मन्दिर र मुर्तिमा तोडफोड गरेको आरोपमा एकजना पक्राउ परेको छ । सर्लाहीको मलङ्वा नगरपालिका ९, स्थित राजदेवी मन्दिरको मुर्ति तोडफोड गरेको आरोपमा एक जना पक्राउ परेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पक्राउ पर्नेमा सोहि नगरपालिका वडा नम्बर ८ का ३३ वर्षीय राकेश बैठा रहेका छन्।

घटनामा भेटिएको प्रमाणका आधारमा प्रहरीले बैठालाई नियन्त्रणमा लिएको जनाईएको छ। मंगलवार साँझ मलंगवा ८ स्थित रहेको राजदेवी मन्दिर र वडा नम्बर ९ स्थित रहेको झिलमिलियामाइ मन्दिरमा तोडफोड भएको थियो।

उनि विरुद्ध धर्म सम्बन्धी कसुरमा अनुसन्धान गर्न सर्लाही जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गर्ने अनुमती लिएर अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। मन्दिर र मुर्तिमा तोडफोडको बिषयलाई लिएर बुधबार मलंगवा बजार पूर्ण रुपमा स्थानियहरुले बन्द गराएका थिए।




## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

## Diploma in civil Engineering (class 9 to 12 )

**हाम्रा विशेषताहरु :**

- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्यावको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्यावको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



**आवश्यक कागजातहरु :**
कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान
जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म
Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850



## दिपक पार्टी प्यालेस एण्ड होटल
बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*यहाँ विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।
सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

# सम्पादकीय

**सुरक्षित कतै भेटिएन**

केहि समय अगाडी भर्खर घटेको चितवनको घटनाले देशमा त्रास फैलाएको छ। अघिल्लो शनिबार चितवनको रत्ननगर नगरपालिका- १० स्थित एकता शिशु निकेतको होस्टलमा झुन्डिएको मृत अवस्थामा भेटिएकी १४ वर्षीया शालीनको काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा बुधबार पोस्टमार्टम भएको थियो।

अब कार्यालयमा पनि सुरक्षित छैन महिला

यस घटनाले महिला आफ्नो कार्यालय स्थलमा पनि असुरक्षित रहेको स्पष्ट भएको छ पछिल्लो समयमा महिलाहरुले पुरुषलाई बलात्कारको झुटो आरोप लगाउने गरेको भन्ने कुराहरु चर्चामा आएपनि महिलामाथि बास्तविक रुपमा बलात्कार भने भएकै घटनाहरु पनि धेरै छन् इतिहासमा पुरुषद्वारा महिला नै बढी बलात्कृत हुने गरेको छ।

यतिवेला बलात्कार र यौनजन्य हिंसाका घटनाहरूले चरम रूप लिइरहेको देखिन्छ। घर, कार्यस्थल, विद्यालय, बाटोघाटो, मेलापात सबैतिर महिलाले आफूलाई असुरक्षित महसुस गर्नुपर्ने भयावह स्थितिको सिर्जना भएको छ। महिलाको शरीरमाथि संकटको बादल मडारिइरहेकै छ। आपराधिक मानसिकता धारण गरेका केही पुरुषको बलात्कारी प्रवृत्तिले सम्पूर्ण महिलालाई आतंकित र सिंगो पुरुष अस्तित्वलाई आशंकाको कठघरामा उभ्याइरहेको दुःखद घडीको सामना गर्न हामी विवश छौँ। इन्टरनेट वा सामाजिक सञ्जालदेखि लिएर लेखिने बोलिने गुप्त च्याट या सबैतिर फरक-फरक शैलीमा हिंसाका सूचकहरू भेटिन्छन्।

## तलब नपाएको भन्दै परीक्षा गर्न अस्वीकार

*रौतहट, चैत १ गते।*
चालु आर्थिक वर्ष सुरु भएदेखि नै तलब नपाएपछि सोको विरोधमा रौतहटको फतुवाविजयपुर नगरपालिकाका शिक्षक-कर्मचारीले विद्यार्थीको वार्षिक परीक्षा लिन अस्वीकार गरेका छन्।



होली पर्व नजिकिँदा समेत तलब वितरण हुने छाँटकाँट नदेखिएका कारण जनाउँदै पालिकाका शिक्षक-कर्मचारीले नगरको शिक्षा तालिकाबमोजिम बिहीबारदेखि सञ्चालन हुने वार्षिक परीक्षा लिन अस्वीकार गरी आन्दोलनमा उत्रिएको बताएका छन्।

जनप्रतिनिधिबिचको आन्तरिक द्वन्द्वका कारण हालसम्म नगर सभा नहुँदा ८ महिनादेखि रोकिएको तलबको माग गर्दै पालिका शिक्षक-कर्मचारीले बाध्य भई आन्दोलनस्वरुप वार्षिक परीक्षा बहिष्कार गर्नुपरेको नगर शिक्षा संयोजक राधेश्याम यादवले बताउनुभयो।

पालिकामा आधारभूत र माध्यमिक गरी ३२ वटा सामुदायिक विद्यालय छन्। जसमा कक्षा १ देखि नौसम्म करिब ६ हजार बालबालिका अध्ययनरत छन्। शिक्षकको आन्दोलनले ती विद्यार्थीको श्रेणीगत मूल्याङ्कन प्रभावित बनेको छ। नगरका कार्यवाहक मेयर अम्बेया खातुन र नेपाल शिक्षक सङ्घ रौतहटका अध्यक्ष रामकृपाल यादवले विद्यार्थीको भविष्यका लागि पनि वार्षिक परीक्षा सञ्चालन गर्न आग्रह गर्नुभयो।

तलबको माग गर्दै कैयौँ पटक विभिन्न आन्दोलन हुँदैआएको छ। तर पनि कुनै सुनुवाइ नहुँदा सङ्घारमा रहेको मधेशको प्रमुख चाड होलीमा समेत तलब नपाउने सम्भावना देखेर नगरका सम्पूर्ण शिक्षकको सर्वसहमतिमा परीक्षा बहिष्कार गर्ने निर्णय भएको शिक्षा संयोजक यादवले बताउनुभयो। यता, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले यही महिनाको ४ गते नगर क्षेत्रका सम्पूर्ण शिक्षक कर्मचारीको तलब उहाँहरूकै खातामा जाने बताउनुभयो। खातामा तलब जम्मा भएको जानकारी हुनासाथ परीक्षा सञ्चालन गरिने नगरका शिक्षकको प्रतिबद्धता छ। नगरपालिकामा नेपाली कांग्रेस पार्टीका प्रमुख, उपप्रमुख सात जना वडा अध्यक्ष र आठ जना, मनोनीत गरी १७ जना र अन्य दलका ४ जना वडा अध्यक्ष एवम् प्रमुख प्रशासकीय अधिकृतगरी कुल २१ जना नगर कार्यपालिका बोर्डका सदस्य छन्। तत्कालीन पालिका प्रमुख गोपालराय यादव निलम्बित भएसँगै कार्यवाहक प्रमुख अमवेय खातुन र अन्य जनप्रतिनिधिबिच विवाद उत्पन्न भएकै कारण नगर सभा हुन नसकेपछि शिक्षक-कर्मचारीले तलब पाउन नसकेको बताइएको छ।

## ५८ लाखभन्दा बढीको औषधीसहित ट्रक नियन्त्रणमा

*चैत १ गते।* सशस्त्र प्रहरीले वीरगन्ज महानगरपालिबाट ५८ लाख ५७ हजार रुपियाँ बराबरको औषधीसहित ट्रक नियन्त्रणमा लिएको छ।

सह प्रवक्ता डिएसपी शैलेन्द्र थापाले वीरगन्ज महानगर -१७ स्थित आईसिपीको चेकप्वाईन्टबाट फागुन ३० गते साँझ सशस्त्र प्रहरीले करिब ५८ लाख ५७ हजार रुपियाँ बराबरको औषधीसहित एउटा ट्रक नियन्त्रणमा लिएको जानकारी दिनुभयो।

वीरगञ्जबाट काठमाडौँतर्फ जाँदै गरेको ना ३ ख ६५६४ नम्बरको ट्रकमा राखेर लैजाँदै गरेको औषधीको बिलमा उल्लेख भएभन्दा फरक अन्य सामान समेत रहेको भन्ने विशेष सूचनाका आधारमा प्रस्तावित सीमा सुरक्षा गुल्म अलौले नियन्त्रणमा लिएको हो। औषधी र सामान कहाँका लागि लगिएको भन्ने खुलेको छैन।

नियन्त्रणमा लिइएको औषधी तथा ट्रक आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको छ।


**विज्ञापन गराउन**

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस।

विस्तृत जानकारीको लागि
रेडियो जुनतारा१०३.४ मेगाहर्ज
गौशाला महोत्तरी
सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह
सम्पर्क न. :९८२९९३६३९८


**आवश्यक टेलिफोन नम्बरहरु**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |


**स्वास्थ्य सन्देश**

९. वर्षायाम सँगै औलो, कालाजार, डेंगु, जापनिज इन्सेफ्लाइटिस र हात्तीपाईले, जस्ता रोगहरू फैलन सक्ने हुदा यी रोगवाट बच्न निम्न उपायहरू अपनाऔं।

- घर आँगन सधै सफा राखौं।
- घर वरिपरिका खाल्डा खुल्डी पुरेर पानी जम्न नदिऔं।
- पुरा बाहुला र शरिर ढाक्ने लुगा लगाऔं।
- प्लाष्टिक तथा टिनका बट्टाहरू, टायर, गमला तथा कुलरमा पानी जम्न नदिऔं।
- घरको झ्याल ढोकामा जाली लगाऔं।
- सुत्दा झुलको प्रयोग गरौं।
- ज्वरो आएमा नजिकको स्वास्थ्य संस्थामा जचाउन जाऔं।

पिपरा गाउँपालिका
पिपरा ,महोत्तरी

# कुनबेला तातो र कुनबेला चिसो पानी पिउने?



पानी हाम्रो जीवनमा नभई नहुने तत्व हो। ज्यादै तीर्खा लागेको बेलामा एक गिलास चिसो पानी पिउदा पानीको महत्व थाहा हुन्छ। त्यसो भए चिसो पानी नै शरिरका लागि उपयुक्त विकल्प हो त? कि अवस्था अनुसार चिसो र तातो दुबै पानी खान सकिन्छ? पानी चिसो होस् वा तातो शरिरलाई भने जतिबेला पनि हाइड्रेड बनाउनुपर्छ।

प्राचीन स्वास्थ्य प्रणाली आयुर्वेदमा पनि शरीरलाई स्वस्थ राख्न तातो पानीको महत्व दर्शाइएको छ। तसर्थ कुनै निश्चित अवसरमा चिसो पानी भन्दा तातो पानीले नै शरिरलाई कल्याण गर्छ।जब तपाई बाहिर तापक्रममा काम गर्नु भएको छ र निकै तिर्खा लागेको छ भने अवश्य पनि तातो पानीले तपाईंको तिर्खा नमेट्ला। तर तपाईलाई रुघा लागेको छ भने यो बेला पनि मन तातो पानी नै खानुपर्छ। सामान्यतया पानी तातो नै पिउनु उपयुक्त हुन्छ। चिसो पानी पिउने अवस्थामा पनि उमालेर चिसो भएको पानी पिउनु पर्छ।

व्यायामको समयमा

व्यायायमको समयमा शरिरको तापक्रम उच्च बिन्दुमा पुग्छ। शरिरमा बगेको पसिनाले पनि शरिरलाईकेही हदसम्म शितलता प्रदान गर्छ। तर चिसो पानी पिउदा शरिरको सम्पूर्ण तापक्रमलाई सामान्य बनाउँछ। यो अवस्थामा तातो भन्दा चिसो स्वास्थ्यका लागि हितकार हुन्छ।

**ज्वरो आउदा**

ज्वरो आउदा चिसो पानी तपाईको शरिरको तपाक्रमलाई न्यून गर्ने एउटा उपाय हुन सक्छ। ज्वरो आउदा शरिरको तापक्रम बढ्ने भएकोले हाइड्रेड रहन पनि पानी पिउनै पर्छ। धेरै तातो शरिरमा चिसो पानी पिउदा केही हदसम्म राहत पनि मिल्छ।

तौल घटाउँदा

चिसो पानीले मेटाबोलिजमलाई सशक्त बनाउने र हरेक दिन थप ७० क्यालोरी पगाल्न सहयोग पुग्छ। तसर्थ मोटा व्यक्तिले तातो भन्दा चिसो पानी पिउदा शरिरको तौल घटाउन सहयोग मिल्छ।

बिहानको समय

बिहान उठेपछि प्रायले कफी, चिया तथा तातो पानी खान्छन्। आर्युबेदमा उल्लेख भए अनुसार बिहानै तातो पानी खाँदा पाचन प्रणालीलाई सहयोग मिल्छ। चिसो तरल पर्दाथ र खानेकुरालाई तातो राप प्रदान गरी खानालाई पचाउन शरिरले बढी ऊर्जा खर्च गर्नुपर्ने भएकोले चिसो भन्दा तातो पानी उपयुक्त हुन्छ। तसर्थ पाचन कमजोर भएकाहरुले कहिल्यै पनि चिसो पानी (खाना खाँदा) खानु हुँदैन्।

विकार फाल्न

मदिरा, औषधी वा शरिरका अन्य विकार फाल्न पर्याप्त पानीको आवश्यक पर्छ। कोठाको तापक्रम ( न्यानो) अनुसार मनतातो पानीमा कागतीको रस मिसाएर खाँदा शरिरका विकार जाने गर्छ।

पीडाको अवस्थामा

शारीरिक पीडा जस्तै टाउको दुख्ने, वान्ता आउने समस्या छ भने चिसो भन्दा तातो पानी नै उपयुक्त हुन्छ। तातो पानीले शरिरका तन्तुहरुसम्म रगतको प्रवाहलाई प्रभावकारी ढंगले पुयाउन तातो पानी खानु शरिरका लागि फाइदाजनक हुन्छ। मासिक धर्मका समयमा मांशपेशी र पेट दुख्ने समयमा तातो पानी एक प्रकारको औषधी नै हो।

पाचन सहज बनाउन

कब्जियत हुँदा मन तातो पानी खाँदा शरिरको विकार फाल्न सहयोग मिल्छ। कब्जियतको मुख्य कारक डिहाइड्रेसन हो। तसर्थ यस्तो अवस्थामा पर्याप्त मात्रामा पानी लगायतका तरल पदार्थ पिउनु पर्छ। तातो पानीले रक्त प्रवाहलाई सशक्त बनाउँछ। चिसो भन्दा तातो पानीले आन्द्रालाई पनि सहज र शान्त बनाउँछ।

करिब २ हजार बर्षअघि परम्परागत चिनियाँ चिकित्सकहरुले चिसो पानी नपिउन भनि सल्लाह दिन्थे। चिसो पानीबाट संक्रमण र कमजोर बनाउने उनीहरुको धारणा रहेको थियो। तातो पानीले आन्तरिक अंगको रक्षा र स्वस्थ रक्त प्रवाह प्रणालीलाई सहज बनाउछ। त्यही भएर आर्युबेदले पनि चिसो भन्दा तातो पानीलाई नै महत्व दिएको हो।

अन्य अवस्थामा

माथि उल्लेख गरिएको अवस्थामा बाहेक सामान्य तया कोठाको तापक्रम अनुसार पानी पिउनु पर्छ। गर्मी दिनमा चिसो पानी पिउनुहोस्। चिसो बिहानीमा तातो पानी रोज्नुहोस्। यो वातावरण र मौसमको छनौट पनि हो।

# टिकटकमाथि प्रतिबन्ध लगाउने विधेयक पारित

*रौतहट, चैत १ गते ।*




अमेरिकामा टिकटकमाथि प्रतिवन्ध लगाउनका लागि बाटो खुला भएको छ । अमेरिकी संसदले बुधबार पारित गरेको एक विधेयकमा भएको व्यवस्थाअनुसार लोकप्रिय भिडियो एप टिकटकलाई राष्ट्रव्यापी प्रतिबन्ध लगाउन सक्ने बाटो खुला गरेको हो ।

अन्तराष्ट्रिय सञ्चारमाध्यमका अनुसार यदि टिकटकका चिनियाँ मालिकले सो कम्पनीमा रहेको आफ्नो हिस्सेदारी बेचेनन् भने अमेरिकामा अब टिकटक प्रतिबन्ध हुने भएको छ

टिकटक प्रतिबन्धको पक्षमा रहेका सांसदहरूका अनुसार सो कम्पनीको हालको स्वामित्व संरचना यस्तो छ कि त्यसले अमेरिकाको राष्ट्रिय सुरक्षामाथि खतरा देखिएको छ, जसकाकारण अमेरिका यसमा निकै चिन्तित रहेको छ ।

सो विधेयक ३२५/६५ मतसहित पारित भएसँगै सो विधेयकलाई अब सिनेटमा पठाइने भएको छ । १५० मिलियन भन्दा बढी अमेरिकी प्रयोगकर्ताहरू रहेको लोकप्रिय एप टिकटक चिनियाँ प्रविधि फर्म 'बाइट डान्स लिमिटेड'को पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनी हो।

प्रतिबन्धको पक्षमा रहेका अमेरिकन सांसदहरूले बाइट डान्स चिनियाँ सरकारको नजरमा रहेको दाबी गरिरहेको छन्, जसले अमेरिकामा टिकटकका उपभोक्ताहरूको डाटामा पहुँचमा पुग्ने र त्यसले सुरक्षा खतरा बढाउनेछ । उनीहरूका अनुसार चिनियाँ राष्ट्रिय सुरक्षा कानूनको सेटबाट उत्पन्न हुन्छ, जसले संगठनहरूलाई गुप्तचर भेलामा सहयोग गर्ने उनीहरूको भनाइ रहेको छ ।

'हामीले टिकटकलाई स्पष्ट छनोट दिएका छौं,' सांसद क्याथी म्याकमोरिस रोजर्सले भने, 'अब टिकटक मूल कम्पनी बाइट डान्सबाट अलग हुन जरूरी छ, जुन चिनियाँ कम्युनिष्ट पार्टी (सीसीपी) ले हेर्ने काम गर्छ । अब अमेरिकामा टिकटक चलाउने कि सीसीपीको साथमा नै रहने ? त्यो विकल्प अब टिकटकले रोज्नु पर्नेछ ।'

विधेयक संसदबाट पारित हुनु पहिलो चरण मात्र हो । सिनेटले पनि यसलाई कानून बन्नका लागि उपाय पारित गर्न आवश्यक छ र त्यो चेम्बरका सांसदहरूले यसलाई पूर्ण समीक्षाबाट गुज्रनु पर्नेछ ।

## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) आज आकस्मिक धनलाभ हुनेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज रमणीय र सुखद् यात्राको योग छ । मनमा हर्ष, उमङ्ग र उत्साह रहला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) आज शुभ समाचार सुन्न पाइएला । कला र गलाको प्रभाव बढ्नेछ ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) आज श्रमदान गर्ने अवसर मिल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज घरमा अतिथिको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज जे काम गर्नुहुन्छ होसियारी पूर्वक गर्नुहोला ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) अरूलाई प्रभावित पारेर काम बन्नेछ । चलाखीपूर्ण बोलीले सङ्कल्प सिद्ध हुनेछ ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) मनमा दुविधा उत्पन्न हुनेछ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**मकर**(भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव


भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

PG To Grade 6

नेपाल सरकार द्वारा मान्यता प्राप्त

ADMISSION OPEN

"Excellent education is our passion"

जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल

शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,
आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,
जि.डी.एम. स्कूल, अब तपाईंकै शहरमा हार्दिक स्वागत गर्दछौं ।

हाम्रा विशेषताहरू:

- खुल्ला प्रतियोगितािद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराइने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेष्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्युटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

*Why choose us?*


- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe invironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल
G.D.M. ENGLISH BOARDING SCHOOL
संस्कारयुक्त शिक्षा
PG To Grade 6
Gaushala-5, Mahottari Near to Brahamsthan
Contact.-9801605172, 9815840565, 9867807469
gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

# भेडाबाख्रामा पिपिआर रोकथाम गर्न अभियान

**चैत्र १ गते ।**

भेडा तथा बाख्रामा लाग्ने पिपिआर रोग रोकथामका लागि मधेश प्रदेशमा सात लाख ९२ हजार भेडा तथा बाख्रामा खोप लगाउने लक्ष्यसहित सप्ताहव्यापी अभियान सुरु गरिएको छ ।धनुषाको हंसपुर नगरपालिका-३ मलहनियामा आयोजित एक कार्यक्रमका बीच मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले खोप अभियान शुभारम्भ गर्नुभयो । त्यस अवसरमा मन्त्री न्यौपानेले भेडापालनलाई व्यावसायिक बनाई किसानको दिगो जीविकोपार्जनमा सघाउ पुग्ने गरी सरकारले आवश्यक कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सो व्यवसायलाई विविधीकरण गरी भेडाबाट मासु र राडीपाखी बनाउने उद्योग सञ्चालन गर्ने सोचसहित अगाडि बढ्ने किसानलाई सरकारको सहयोग रहने बताउनुभयो । "जलवायु परिवर्तन, युवाहरुको पलायन र आधुनिक प्रविधिको अभावमा विशेषगरी भेडापालन व्यवसाय लोपोन्मुख अवस्थामा छ । त्यसको जगेर्नाका लागि किसानहरु जागरुक भएमा आर्थिक तथा प्राविधक सहयोग गर्न सरकार तयार छ । यसमा तीनै तहका सरकारले समन्वय गरेर कार्यक्रम अगाडि बढाउन सकिन्छ", मन्त्री न्यौपानेले भन्नुभयो ।



त्यस्तै हंसपुर नगरपालिका प्रमुख प्रदीपकुमार यादवले स्थानीय किसानका समस्या समाधान गर्न नगरपालिकाले प्रदेश सरकारसँग मिलेर काम गर्ने बताउनुभयो । उहाँले भेडा तथा बाख्रापालन जस्तो पुर्ख्यौली पेसामा लागेका किसानलाई प्रोत्साहनका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा विशेष व्यवस्था गर्नेसमेत आश्वासन दिनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव डा.शरणकुमार पाण्डेले मधेश प्रदेशका आठ जिल्लाका सात लाख ९२ हजार भेडा तथा बाख्रामा खोप लगाउने लक्ष्यसहित अभियान सुरु गरिएको बताउनुभयो । डा.पाण्डेले मधेशका जिल्लामा 'किसान पहिले' भन्ने नीतिका साथ किसानको आवश्यकता पहिचान गरी अरु कार्यक्रम पनि अगाडि बढाउने तयारी भइरहेको र पहिलो चरणमा भेडा तथा बाख्रामा रोग नियन्त्रण गर्न खोप अभियान सुरु भएको जानकारी दिनुभयो ।

कार्यक्रममा भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र धनुषाका प्रमुख डा. सञ्जीवकुमार ठाकुरले अभियानका क्रममा धनुषाका १८ वटै स्थानीय तहका ९३ हजार भेडा तथा बाख्रामा खोप लगाउने लक्ष्यसहित ६४ जना प्राविधिकलाई परिचालन गरिएको जानकारी दिनुभयो । त्यसैगरी गाईभैँसीमा लाग्ने खोरेत रोग नियन्त्रणका लागि ५९ हजार चार सय गाई भैँसीमा खोप लगाउने अभियान पनि सँगसँगै चलिरहेको डा. ठाकुरले बताउनुभयो ।

पिपिआर बाख्रा तथा भेडामा राख्ने एकप्रकारको महामारी रोग हो । यो रोग लागेपछि नाकबाट सिगान बग्ने, ज्वरो आउने, छेर्ने, खोक्नेजस्ता समस्या आउने गर्छन् । अत्यधिक सङ्क्रामक यो रोग समयमै रोकथाम नगरिए एक सय वटामध्ये करिब ९० जतिको ज्यान जाने जोखिम रहेको र त्यो रोकथामको उपाय खोपमात्रै भएको डा. ठाकुरको भनाइ छ । त्यस अवसरमा स्थानीय किसानले सरकारले गोठ व्यवस्थापन, औषधोपचार, चरिचरनको अभावमा पुर्ख्यौली पेसा सङ्कटमा परेको भन्दै सरकारलाई सहयोगका लागि आग्रह गर्नुभयो ।

हाल सवा दुई सय भेडापालन गरिरहनुभएका स्थानीय रामकिशोर राउत पालले सरकारले सहयोग गरेमा पुर्ख्यौली पेसा संरक्षणका लागि थप उत्साहित भएर लाग्ने बताउनुभयो । "भेडा मुख्य गरी देउतालाई चढाउने हो । आम्दानी त राम्रै हुन्छ तर युवापुस्ता पलायन भइरहेको र पुरानो पुस्ताले आधुनिक प्रविधिको अभावमा धेरै लाभ लिने अवस्था नरहेकाले त्यो पेसालाई व्यावसायिकरुपमा निरन्तरता दिन सकिरहेका छैनौँ । सरकारले गोठ व्यवस्थापन, औषधोपचार, चरिचरनका लागि घासको उन्नत बीउ, रौँबाट राडीपाखी बुन्ने आधुनिक मेसिन तथा प्रविधि सहयोग गरेमा हामी सङ्गठितरूपमै लाग्छौँ", पालले भन्नुभयो ।

त्यस्तै स्थानीय किसान लालबिहाडी गरेडी पाल, सरोजकुमार पाललगायतले पनि खोर व्यवस्थापन, भेडाको रौँ र घाँस मुख्य समस्या रहेको बताउनुभयो । उहाँहरूले भेडापालनसम्बन्धी तालिमको व्यवस्था गर्न पनि आग्रह गर्नुभयो । रासस

# आतंक मच्चाउँदै आएको बाघ नियन्त्रणमा

**चैत्र १ गते ।**

पर्साको ग्रामीण भेगमा विगत एक महिनादेखि आतंक मच्चाउँदै आएकोमध्येको एउटा बाघलाई नियन्त्रणमा लिइएको छ। तीनवटा हात्ती सहित विगत १० दिन देखि खटिएको पर्सा र चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीले बिहीबार दिउँसो भाले पाटे बाघलाई डाट हानेर बेहोश पारी नियन्त्रणमा लिएको हो।दुवै निकुञ्जका प्राविधिक र डिभिजन वन कार्यालय पर्साको संयुक्त टोलीले सखुवा प्रसौनी गाँउपालिका वडा नम्बर २ स्थित उखुबारीबाट उक्त बाघलाई डाट हानेर लठ्याएर नियन्त्रणमा लिएको सब डिभिजन वन कार्यालय रंगपुरका प्रमुख कपिलदेव यादवले जानकारी दिए।एउटा भाले र एउटा पोथी बाघले पर्साको सखुवा प्रसौनी र पटेर्वा सुगौली गाँउपालिकाका विभिन्न गाँउमा विगत एक महिनादेखि आतंक मच्चाउँदै आएको थियो ।बाघको आक्रमणबाट एक जनाको मृत्यु भएको थियो भने एक जना घाइतेपनि भएको थियो ।राष्ट्रिय वन क्षेत्र नजिकका ती गाँउमा उक्त बाघले दर्जनौं चौपायापनि मारेको थियो ।

डिभिजन वन कार्यालय पर्साका प्रमुख हेमन्त प्रसाद साहका अनुसार, उक्त बाघलाई नियन्त्रणमा लिन दुवै निकुञ्जका १० जना प्राविधिक र वन कार्यालयका ५ जना गरी १५ जनाको टोली तीन वटा हात्तीका साथ विगत १० दिनदेखि खटिएपनि सफलता पाउन सकेको थिएन ।बाघ लुकेर बसेक सम्भावित स्थानहरुमा



उक्त टोलीले सिसिटिभी क्यामेरापनि जडान गरेको थियो।ती दुवै बाघ उखु र मकैबारीमा लुक्दै ठाउँ सर्दै हिडेका कारण १० दिनसम्म निकुञ्जको टोलीले फेला नै पार्न सकेको थिएन।तर बुधबार राति सिसिटिभी क्यामेरामा रेकर्ड भएको फुटेजका आधारमा बिहीबार दिउँसो सखुवा प्रसौनी २ को उखुबारीमा दुईमध्ये एउटा बाघ लुकेर बसेको अवस्थामा फेलापरेपछि डाट हानेर बेहोश पारी उक्त १८ महिनाको भाले बाघलाई नियन्त्रणमा लिन सफल भएको यादवले बताए ।अर्को पोथी बाघ भने अझै फेला पर्न नसकेको उनले बताए ।बिहीबार दिउँसो नियन्त्रणमा लिएको बाघलाई खोरमा राखेर गाडीमा लोड गरि चितवन राष्ट्रिय निकुञ्जको टोलीले लिएर गएको यादवले बताए ।बाघ नियन्त्रणका लागि १० दिन लगातार खटिएको निकुञ्ज र वन कार्यालयको टोलीको व्यवस्थापन सखुवा प्रसौनी गाँउपालिका कार्यालयले गरेको गाँउपालिका अध्यक्ष यशवन्त यादवले जानकारी दिए।यसमा सखुवा प्रसौनी गाँउपालिका वडा नम्बर २ का वडाध्यक्ष चिरञ्जीवी महत्तो थारुकोपनि सहयोग रहेको उनले बताए ।


बलवा नगरपालिकाद्वारा
जनहितमा जारी संदेश

३. नसर्ने रोगहरुको जोखिम कम गर्न स्वस्थ जीवनशैली अपनाउऔं

- सुर्तीजन्य पदार्थ तथा मदिरा सेवन नगरौं ।
- शरिरको मोटोपन घटाउन नियमित व्यायाम गरौं ।
- उचाई अनुसार शरिरको तौल कायम गरौं ।
- चिल्लो, गुलियो, नुनिलो कम खाने गरौं ।
- दैनिक ५ ग्राम भन्दा कम नुन खाने गरौं
- मानसिक तनाव नलिऔं र रिसाउने बानी नगरौं ।
- अन्न, दाल, गेडागुडी, दुध, दही, माछा, बोसो नभएको मासु, अण्डा सहितको सन्तुलित खाना र हरियो सागसब्जी, फलफुल प्रशस्त रुपमा खाने गरौं ।
- कोल्ड ड्रिङ्क्स, गुलिया पेय पदार्थ, मिठाई, चकलेट, चाउचाउ, चिप्स जस्ता खानेकराहरु नखाऔं ।



बलवा नगरपालिका
बलवा ,महोत्तरी



भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म नि:शुल्क भर्ना गरिनेछ ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।


हाम्रा बिशेषताहरु

नि:शुल्क



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

राम जानकी इंगलिस बोर्डिंग स्कूल
गौशाला -४ जिरोमाइल



प्रिन्सिपल : उमेश कुशवाहा
सम्पर्क न. ९८४४०२७१३० ९८१८१८८७६६

"गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान"


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , **कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर**
**email:gaushalakhabar6684@gmail.com** मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०१९०८,९८२७८५३६५०